# स्वयंम्सेवक शिक्षक व्यवस्थापन तथा परिचालन निर्देशिका
# २०७६

खप्तड छेडेदह गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ को दफा ३८ ट परिच्छेद ७ मा गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि गाउँपालिकाद्धारा उपलब्ध गराइएको बृहत शैक्षिक सुधार कार्यक्रम रकमलाई व्यवस्थित गरी स्वयंमसेवक शिक्षक व्यवस्थापन तथा परिचालन गर्न खप्तड छेडेदह गाउँकार्यपालिकाको कार्यालय, डोगडी बाजुराले यो निर्देशिका निर्माण गरी जारी गरिएको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम “शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका, २०७६” रहेको छ ।

(२) यो कार्यविधी गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) “गाउँपालिका” भन्नाले खप्तड छेडेदह गाउँपालिका, डोगडी बाजुरालाई सम्झनु पर्छ ।

(ग) “प्रमुख” भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) “शिक्षा शाखा” भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनुपर्छ ।

(च) “शिक्षा अधिकृत” भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(द) “स्वयंम्सेवक शिक्षक” भन्नाले खप्तड छेडेदह गाउँपालिकाको बृहत शैक्षिक सुधार कार्यक्रमबाट सेवा सुविधा पाउने गरी गाउँपालिकाको स्वयंमसेवक शिक्षक छनौट समितिबाट सिफारिस भई विद्यालय व्यवस्थापन समितिबाट नियुक्त स्वयंम्सेवक शिक्षकलाई सम्झनु पर्छ ।

(ध) “कर्मचारी” भन्नाले विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न नियुक्त विद्यालय सहायक र कार्यालय सहयोगीलाई सम्झनु पर्छ ।

(छ) “बृहत शैक्षिक सुधार कार्यक्रम ” भन्नाले खप्तड छेडेदह गाउँपालिकाको सेवा क्षेत्र भित्र शैक्षिक कार्यक्रमहरु समावेस गरी कुनै निश्चित अवधिका लागि तयार गरिएको कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ज) “कार्यविधि” भन्नाले आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ लाई सम्झनु पर्छ ।

(झ) “प्राथमिक विद्यालय” भन्नाले कक्षा एक देखि पाँच सम्म पठनपाठन हुने विद्यालय सम्झनुपर्छ ।

(ञ) “आधारभूत विद्यालय” भन्नाले प्रारम्भिक कक्षा देखि आठ सम्म पठनपाठन हुने विद्यालय सम्झनुपर्छ ।

(ट) “माध्यमिक विद्यालय” भन्नाले कक्षा कक्षा एक देखि बाह्र तथा कक्षा नौ देखि बाह्र सम्म पठनपाठन हुने विद्यालय सम्झनुपर्नेछ ।

(ठ) “प्रारम्भिक बाल शिक्षा केन्द्र” भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको शिक्षा तथा विकासका लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेस्वरी आदि सम्झनु पर्छ ।

(ड) “व्यवस्थापन समिति” भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ) “मन्त्रालय” भन्नाले नेपाल सरकार, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ण) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

## परिच्छेद २

## स्वयंम्सेवक शिक्षक परिचालन र शैक्षिक योग्यता

**३.स्वयंमसेवक शिक्षक परिचालनः** खप्तड छेडेदह गाउँपालिकाबाट स्वयंम्सेवक शिक्षक परिचालनका लागि गाउँपालिकाबाट बृहत शैक्षिक सुधार कार्यक्रम संचालनका लागि विनियोजित रकमको परिधिभित्र रहि प्रचलित कानुन अनुसार स्वीकृति प्राप्त सामुदायिक विद्यालयलाई देहायका आधारमा स्वयंम्सेवक शिक्षकको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ :

क. मा.वि तह सञ्चालन भएको तर उक्त तहको दरबन्दी वा शिक्षक अनुदान नपाएका विद्यालयलाई बढीमा दूई जना माध्यमिक तहका स्वयंम्सेवक शिक्षक ।

ख. माध्यमिक तह सञ्चालन भएको तर उक्त तहको एक दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई बढीमा एक जना माध्यमिक स्वयंम्सेवक शिक्षक ।

ग. आधारभूत तह कक्षा ६-८ सञ्चालन भएको तर उक्त तहको दरबन्दी वा शिक्षक अनुदान नपाएका विद्यालयलाई बढमिा दूई जना आधारभूत तहका स्वयंम्सेवक शिक्षक ।

घ. आधारभूत तह कक्षा ६-८ सञ्चालन भएको तर उक्त तहको एक दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई बढीमा एक जना आधारभूत स्वयंम्सेवक शिक्षक ।

ङ. आधारभूत तह कक्षा १-५ सञ्चालन भएको तर उक्त तहको दरबन्दी वा शिक्षक अनुदान नपाएका विद्यालयलाई बढीमा दूई जना आधारभूत तहका स्वयंम्सेवक शिक्षक ।

च. आधारभूत तह कक्षा १-५ सञ्चालन भएको तर उक्त तहको एक दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई बढीमा एक जना आधारभूत शिक्षकका लागि ।

छ. शिक्षा ऐन,२०२८ र शिक्षा नियमावली,२०५९ संशोधन सहितमा शिक्षक विद्यार्थी अनुपात भन्दा विद्यार्थीको संख्या बढी भएको विद्यालयमा उक्त तहमा थप एक जना स्वयंम्सेवक शिक्षक ।

ज. स्वयंसेवक शिक्षक परिचालनका लागि विद्यालय छनौट अनुसुची १ बमोजिम हुनेछ ।

झ. स्वयंम्सेवक शिक्षक परिचालनका लागि विद्यालय छनौट तथा  कोटा निर्धारण गर्दा गाउँपालिकाबाट विनियोजन गरिएको बृहत शैक्षिक सुधार कार्यक्रमको रकम सीमा भित्र रहि अनुसुची १ बमोजिम गरिनेछ ।

**४. शैक्षिक योग्यताः** क. आधारभूत तह कक्षा १ देखि ५ कक्षा सम्मको विद्यालयको शिक्षकको लागि माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने वा सो सरहको तालिम लिएको वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा चार सय पूर्णाङ्कको शिक्षा विषय लिई सो परीक्षा उत्तीर्ण गरेका,

ख. आधारभूत तह कक्षा ६ देखि ८ कक्षासम्मको विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

ग. माध्यमिक तह कक्षा ९ र १० सम्मको विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको ,

घ. सम्बन्धीत तहको शिक्षक अध्यापन अनुमती पत्र भएको,

**५.उम्मेदवारको योग्यता:** शिक्षक पदको लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको हुनुपर्दछ :

(क) नेपाली नागरिक

(ख) १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको

(ग) मगज नबिग्रेको

(घ) नैतिक पतन देखि फौजदारी अभियोगमा अदालत बाट कसुरदार नठहरिएको

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य  ठहरिने गरी सेवाबाट वर्खास्त नगरिएको

(च) बुदा नं. ५ बमोजिमको शैक्षिक योग्यता भएको

## परिच्छेद ३

### ६. स्वयंम्सेवक शिक्षकको पदपूर्ति:

१) गाउँपलिकाबाट स्वयंम्सेवक शिक्षक परिचालनका लागि कोटा निर्धारण भएको  पत्र  सम्वन्धीत विद्यालयलाई प्राप्त भएपछि विद्यालयले  आवश्यकता अनुसारको विषय शिक्षक माग सहितको पत्र  गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

२) माग भई आएको विषय शिक्षकलाई पद पुर्ति गर्न प्रतियोगितात्मक प्रतिस्पर्धाबाट प्रचलित कानुन अनुसार निर्धारित प्रक्रिया पुऱ्याई गाउँपालिकाले  छनोट गर्नु पर्नेछ ।

३) विद्यालयलाई आवस्यक स्वयंम्सेवक  शिक्षकको पद संख्या, आबश्यक योग्यता ( विषयगत हकमा विषय समेत उल्लेख गरी ) परीक्षा हुने मिति,समय र स्थान सहित अन्य विवरण खुलाई कम्तिमा पन्ध्र दिनको समय दिई विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

४) प्रकाशित विज्ञापनमा तोकिएको म्याद भित्र पर्न आएका दरखास्त उपर प्रारम्भिक छानविन गरी आवश्यक न्युनतम योग्यता पुगेका उम्मेद्धारहरुलाई मात्र थप परीक्षामा सामेल गराई प्रचलित कानुन अनुसार शिक्षक पदको नियुक्तिका लागि उम्मेद्धार छनौट गर्नु पर्नेछ ।

५) गाउँपालिकाको बृहत शैक्षिक सुधार कार्यक्रमको रकमबाट स्वयंम्सेवक शिक्षक पद पूर्तिका लागि देहाय बमोजिमको स्वयंम्सेवक शिक्षक छनौट समिति रहने छ :

क)गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको गाउँपालिका भित्रको अधिकृत स्तरको कर्मचारी - अध्यक्ष

ख) गाउँपालिका भित्र संचालनमा रहेका माध्यामिक विद्यालय मध्येबाट उच्चतम विद्यालयको प्रधानाध्यापक १ जना - सदस्य

ग) गाउँपालिका शिक्षा शाखा प्रमुख - सदस्य सचिव

६) स्वयंम्सेवक शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) स्वयंम्सेवक शिक्षक छनौटका लागि गाउँपालिकामा सुचिकृत भएका विषय विज्ञमध्येहरुबाट दुई जना भन्दा बढी नबढ्ने गरी सम्बन्धीत विषय विज्ञको छनौट गर्नुपर्नेछ ।

ख) समितिले अनुसुची ३ बमोजिमको मुल्यांङ्कनका मापदण्ड अपनाई स्वयंम्सेवक शिक्षक  छनौट प्रक्रियालाई  स्वच्छ, मर्यादित, शान्त र निष्पक्ष बनाउने ।

ग)स्वयंम्सेवक शिक्षक छनौटका लागि  शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार लिखित परीक्षाको प्रश्न पत्र तयार गर्ने , लिखित परीक्षा सञ्चालन गरी उत्तीर्ण उम्मेदवारको अन्तरवार्ता लिने ।

घ) सफल उम्मेदवारलाई छनौट समितिले नियुक्तीका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने ।

८) नियुक्ति : स्वयंम्सेवक शिक्षकको नियुक्ति देहाय अनुसार गर्नु पर्नेछ :

क) स्वयंम्सेवक  शिक्षक छनौट समितिबाट सिफारिस भएका उम्मेदवारहरुलाई छनौट समिति बाट सिफारिस भएको मितिले सात दिन भित्र विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरी बढीमा छ महिनाका लागि प्रधानाध्यापकले करार नियुक्ति दिई सोको जानकारी गाउँपालिकामा दिनुपर्ने छ ।

ख) स्वयंम्सेवक  शिक्षक छनौट समितिबाट सिफारिस भएका उम्मेदवारहरुलाई सम्बन्धित विद्यालयले तोकिएको म्याद भित्र नियुक्ति नगरेमा गाउँकार्यपालिकाले त्यस्ता विद्यालयको स्वयंम्सेवक शिक्षक कोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई दिन सकिने छ ।

ग) गाउँपालिकाबाट स्वयंम्सेवक शिक्षकको परिचालनका लागि रकम निरन्तरता भएमा विद्यालय व्यवस्थापन समितिले करार शिक्षकको म्याद छ महिनाको लागि थप गरी सोको जानकारी गाउँपालिकामा  दिनुपर्ने छ ।

९) काम, कर्तव्य : गाउँपालिकाको बृहत शैक्षिक सुधार कार्यक्रम अन्तर्गत  नियुक्ति भएका स्वयंम्सेवक शिक्षकहरुको काम, कर्तव्य खप्तड छेडेदह गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७४ र आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्य विधि २०७५ बमोजिम हुनेछ ।

१०) स्वयंम्सेवक शिक्षकको सुविधा सम्बन्धी व्यवस्था :

खप्तड छेडेदह गाउँपालिकाको बृहत शैक्षिक सुधार कार्यक्रममा विनियोजन गरिएको रकम मार्फत नियुक्त गरिएका स्वयंम्सेवक शिक्षकको सुविधा अनुसुची २ बमोजिम हुनेछ ।

## परिच्छेद ४

### ७) विविध

क) यस निर्देशिकाको संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा रहने छ ।

ख) यस निर्देशिकामा उल्लेख नभएको हकमा गाउँ शिक्षा ऐन २०७४ र आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७५, बमोजिम हुनेछ ।

ग) यस निर्देशिकामा उल्लेखित कुनै व्यवस्थाका विषयमा कुनै दुविधा भएमा अन्तिम निर्णय गाउँ कार्यपालिकाले गरेको बमोजिम हुनेछ ।

### ८) बाझिएमा अमान्य हुने

यो कार्यविधी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज मा स्थानीय तहलाई तोकिएका आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन सम्वन्धी काम, कर्तव्य र अधिकारसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसुची १

### खप्तड छेडेदह गाउँपालिकाको स्वयंम्सेवक  शिक्षक कोटा निर्धारण सम्बन्धी व्यवस्था

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी संख्या | | | | दरवन्दी | | | | शिक्षक विद्यार्थी अनुपात (कक्षा १-१० सम्मको औषत) | स्वयम सेवक शिक्षक कोटा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रा.वि | नि.मा.वि | मा.वि. | जम्मा | स्वीकृत दरवन्दी | राहत | अनुदान | जम्मा | | |
| १. | ब्रह्मदेव आ.वि | १-५ | १२३ | १० | ० | १३३ | १ | ३ | ० | ४ | १:३३ | १ |
| २. | दशरथ बडालेक आ.वि | १-५ | ९६ | ० | ० | ९६ | ४ | १ | ० | ५ | १:१९ | ० |
| ३. | मष्टा आ.वि | १-८ | १७ | ६३ | ० | १८० | ० | ३ | ० | ३ | १:६० | २ |
| ४. | खापरदेवस्थली आ.वि | १-५ | ३८ | ० | ० | ३८ | ३ | ० | ० | ३ | १:१३ | ० |
| ५. | जाल्पादेवी मा.वि | १-९ | १७४ | ८७ | २२ | २८३ | ३ | १ | ० | ४ | १:७१ | ३ |
| ६. | सरस्वती मा.वि | १-१० | १२६ | १३० | ६१ | ३१७ | ३ | ० | १ | ४ | १:७९ | ३ |
| ७. | दशरथ मा.वि | ८-१२ | ० | १२० | १०६ | २२६ | ५ | २ | ० | ७ | १:३२ | ० |
| ८. | शैलेश्वरी आ.वि | १-५ | १३० | ० | ० | १३० | २ | ० | ० | २ | १:६५ | १ |
| ९. | बालविकास आ.वि | १-८ | १९४ | ११५ | ० | ३०९ | २ | १ | ० | ३ | १:१०३ | ३ |
| १०. | मष्टेश्वरी मा.वि | १-१२ | २२ | १४२ | १५३ | ६१९ | १५ | ० | ० | १५ | १:४१ | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४ | | | | | | | | |
| ११. | बडिचौर आ.वि | १-५ | ४७ | ० | ० | ४७ | २ | २ | ० | ४ | १:१२ | ० |
| १२. | घटालमाण्डौ आ.वि | १-४ | ७१ | ० | ० | ७१ | ० | ० | ० | ० | ० | २ |
| १३. | ज्युलेख आ.वि | १-५ | १६१ | ० | ० | १६१ | १ | १ | ० | २ | १:८१ | १ |
| १४. | ब्रह्मेश्वरी आ.वि | १-८ | १५७ | ७४ | ० | २३१ | ३ | ० | ० | ३ | १:७७ | ३ |
| १५. | दौनागिरी आ.वि | १-५ | १४५ | ० | ० | १४५ | २ | ० | ० | २ | १:७३ | १ |
| १६. | खापरदेवस्थली मा.वि | १-१० | १७९ | २६० | १६४ | ६०३ | ९ | ३ | ० | १२ | १:५० | १ |
| १७. | भवानी मा.वि | १-१० | २७० | १२२ | ७९ | ४७१ | ७ | ० | १ | ८ | १:५९ | १ |
| १८. | धनाल्त आ.वि | १-५ | ७० | ० | ० | ७० | २ | ० | ० | २ | १:३५ | ० |
| १९. | त्रिवेणी आ.वि | १-३ | ४५ | ० | ० | ४५ | ० | ० | ० | ० | ० | ० |
| २०. | भागेश्वरी आ.वि | १-४ | ५२ | ० | ० | ५२ | ० | ० | ० | ० | ० | २ |
| २१. | मष्टेश्वरी आ.वि | १-५ | ५५ | ० | ० | ५५ | २ | १ | ० | ३ | १:१८ | ० |
| २२. | कुर्पेकोट आ.वि | १-८ | ७८ | ४९ | ० | १२७ | २ | १ | ० | ३ | १:४२ | २ |
| २३. | मालिका मा.वि | १-१० | १७५ | ९२ | ६१ | ३२८ | ४ | २ | १ | ७ | १:४७ | २ |
| २४. | देवस्थली मा.वि | १-१० | ७९ | ६६ | ५७ | २०२ | ६ | २ | १ | ९ | १:२२ | १ |
| २५. | काडा भवानी मा.वि | १-१२ | १४१ | १७७ | १३८ | ४५६ | १३ | १ | ० | १४ | १:३३ | ० |
| २६. | खप्तड आ.वि | १-५ | ११९ | ० | ० | ११९ | २ | १ | ० | ३ | १:४० | ० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २७. | दुर्गाभवानी आ.वि | १-८ | १८२ | १४५ | ० | ३२७ | ४ | १ | ० | ५ | १:६५ | २ |
| २८. | पार्वती आ.वि | १-३ | १५० | ० | ० | ५० | ० | ० | ० | ० | ० | १ |
| २९. | फुलवारी आ.वि | १-४ | ६९ | ० | ० | ६९ | ० | ० | ० | ० | ० | २ |
| ३०. | जयदुर्गा आ.वि | १-२ | ४३ | ० | ० | ४३ | ० | ० | ० | ० | ० | १ |
| ३१. | त्रिपुरा आ.वि | १-२ | ३४ | ० | ० | ३४ | ० | ० | ० | ० | ० | १ |

**दरबन्दी नभएका विद्यालयहरु ६ - ८ र ९ - १०**

| विद्यालयको नाम | तह | विद्यार्थी संख्या |
|---|---|---|
| देवस्थली | ९-१० | ५७ |
| मालिका | ९-१० | ६१ |
| भवानी मावि | ९-१० | ७९ |
| सरस्वती मावि | ९-१०<br>(६-८) | ६१<br>१३० |
| कुर्पेकोट आवि | (६-८) | ४९ |
| ब्रह्मेश्वरी | (६-८) | ७४ |
| बालविकास आवि | (६-८) | ११५ |
| जाल्पादेवी आवि | (६-८)<br>(९-१०) | ८७<br>२२ |
| बह्मदेव आवि | (६-८) | १० |
| मष्टा आवि | (६-८) | ६३ |

**दरबन्दी नभएका आधारभुत विद्यालय**

| विद्यालयको नाम | कक्षा | जम्मा विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| घटालमाण्डौ डोगडी | (१-४) | ७१ | | |
| त्रिवेणी | (१-३) | ४५ | | |
| भागेश्वरी | (१-४) | ५२ | | |
| पार्वती | (१-३) | ५० | | |
| फुलबारी | (१-४) | ६९ | | |
| जयदुर्गे | (१-२) | ४३ | | |
| त्रिपुरा | (१-२) | ३४ | | |

**अनुसूची २**

**सेवा सुविधा सम्बन्धि व्यवस्था**

| क.स | तह | मासिक सेवा सुविधा | कैफियत |
|---|---|---|---|
| १ | आधारभूत (कक्षा १ देखि ५ सम्म) | १८,०००। (अठार हजार) | |
| २ | आधारभूत (कक्षा ६ देखि ८ सम्म) | २२,०००। ( बाइस हजार) | |
| ३ | मा.वि (कक्षा ९ देखि १० सम्म) | २५,०००। (पच्चिस हजार) | |

**अनुसूची ३**

**स्वयंमसेवक शिक्षक पदका मूल्यांङ्कनका मापदण्डहरु**

| सि.नं. | विवरण | अंङ्क |
|---|---|---|
| १ | लिखित परिक्षा ( विषयगत-६० वस्तुगत-४०) | १०० |
| २ | अन्तरवार्ता( न्युनतम ३.५ र अधिकतम ७) | १० |
| ३ | स्थानीय उम्मेदार | १२ |
| ४ | सेवारत (विज्ञापन गरिएको सम्बन्धीत स्थानीय तहको सामुदायिक विद्यालयमा सेवारत उमेदारलाई प्रत्येक वर्षको ०.५ का दरले बढीमा १० वर्षसम्मको ) | ५ |
| ५ | तोकिएको न्युनतम शैक्षिक योग्यता (प्रथम श्रेणी-३, दितीय श्रेणी-२ र तृतीय श्रेणी-१) | ३ |
| जम्मा पुर्णाङ्क | | १३० |